# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका का.मु.सचिव श्री शशिनारायण शाह फ्रान्सको पेरिसमा हुने नेपाल सहायता समूहको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४७।७।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम(१)को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उद्योग मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गणपतलाल राजभण्डारीलाई मिति २०४७।६।१३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सञ्चार मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव श्री कालीप्रसाद रिजाललाई मिति २०४७।६।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम(१)को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वन तथा भू-संरक्षण मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा) डा. पुरूषोत्तम नारायण सुवाललाई मिति २०४७।६।१८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ५

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विमलराज बस्नेत मलेशियाको राजधानी क्वालालम्पुरमा हुने यूरोपाको ३७ औं कार्यकारी परिषद्को बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।